# नेपाल लाइफ इन्स्योरेन्स कं. लि.

## आ.व. २०७८/०७९ को तेस्रो त्रैमासिक प्रतिवेदन

### वासलात

| | | लेखा परीक्षण नभएको | लेखा परीक्षण नभएको | लेखा परीक्षण नभएको |
|---|---|---|---|---|
| क.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
| १ | श्रोत (१.१ देखि १.५ सम्म) | १४०,५३७,५१७,५१२ | १३४,५११,६०६,८४६ | ११६,५४०,०८५,८३१ |
| १.१ | चुक्ता पूँजी | ८,२०७,९६६,५५४ | ७,१९९,९७०,६६१ | ७,१९९,९७०,६६१ |
| १.२ | जगेडा तथा कोष | ४४४,९६५,१२७ | १,७५२,५२३,२०१ | १,१२३,४३६,३१० |
| १.३ | जीवन बीमा कोष | १३१,१६२,७२१,६१८ | १२४,८३९,३५४,९२१ | १०७,६१७,७२४,११३ |
| १.४ | महाविपत्ती कोष जगेडा | ७२१,८६४,२१३ | ७१९,७५८,०६३ | ५९८,९५४,७४७ |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | - | - | - |
| २ | उपयोग (२.१ देखि २.६ सम्म) | १४०,५३७,५१७,५१२ | १३४,५११,६०६,८४६ | ११६,५४०,०८५,८३१ |
| २.१ | स्थिर सम्पत्ति (खुद) | ३०१,६१८,७०७ | ३०८,८१०,४४८ | ३११,४२०,७८० |
| २.२ | दीर्घकालिन लगानी तथा कर्जा | ५९,०६६,३७८,१७६ | ४७,४६०,१६०,३२० | ५०,३३०,१८८,०५३ |
| २.३ | बीमालेखको धितोमा कर्जा | २३,२२८,६१५,२६१ | २१,६७८,४१०,१४४ | १९,१८४,०२५,९२७ |
| २.४ | खुद चालु सम्पत्ति (३-४) | ५७,९३७,६१८,३९३ | ६५,०६०,६४५,४६३ | ४६,७११,१०४,८३७ |
| २.५ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | ३,२८६,९७६ | ३,५८०,४७१ | ३,३४६,२३५ |
| २.६ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | - | - | - |
| | खुद चालु सम्पत्तिको विवरण | | | |
| ३ | चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म) | ६३,०१८,२६०,१६६ | ६९,७९०,६४२,७६५ | ५१,१८२,८७२,२६४ |
| ३.१ | नगद तथा बैंक मौज्दात | १४२,८३९,२८४ | १४१,४८८,५०१ | ६११,६०८,८४३ |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | ५२,८५७,७७३,०५४ | ६०,७३७,१०२,९६१ | ४१,९४९,९६९,८१३ |
| ३.३ | अन्य सम्पत्ती | १०,०१७,६४७,८२८ | ८,९१२,०५१,३०३ | ८,६२१,२९३,६०८ |
| ४ | चालु दायित्व तथा व्यवस्थाहरु (४.१ देखि ४.४ सम्म) | ५,०८०,६४१,७७३ | ४,७२९,९९७,३०२ | ४,४७१,७६७,४२७ |
| ४.१ | चालु दायित्व | २,२५२,३०६,५४२ | १,७५८,२३०,६६९ | २,१४५,१४२,५०८ |
| ४.२ | असमाप्त जोखिम वापत व्यवस्था | २८८,१९४,१३० | २५६,५२९,८८३ | ३३९,२२५,६४५ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | १,२८५,८९२,११० | १,८७६,१६५,२८७ | १,४६५,८३९,८८३ |
| ४.४ | अन्य व्यवस्था | १,२५४,२४८,९९१ | ८३९,०७१,४६३ | ५२१,५५९,३९२ |

### नाफा-नोक्सान हिसाव

| | | | | |
|---|---|---|---|---|
| १ | आम्दानी (१.१ देखि १.५ सम्म) | ५४३,६८०,८७४ | ४५०,६३७,६५० | ७४६,६२६,४६५ |
| १.१ | आय व्यय हिसाबबाट सारेको | (३७,९१२,७७२) | ६३,४०१,६९८ | (३७,१३१,९९१) |
| १.२ | जीवन बीमा कोषबाट सारेको | - | - | - |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | ५८१,५९३,६४६ | ३८७,२३५,९५२ | ५३७,७५७,४३७ |
| १.४ | व्यवस्था फिर्ता | - | - | २४६,००१,०१९ |
| १.५ | अन्य आम्दानी | - | - | - |
| २ | व्यवस्था तथा खर्चहरु (२.१ देखि २.८) | ७३८,२४२,५८४ | ३२०,१३८,१५८ | २३९,९५८,४२० |
| २.१ | व्यवस्थापन खर्च | १११,१९४,३९३ | ५३,२९१,४०४ | ९५,०८४,१७० |
| २.२ | अपलेखन खर्च | - | - | - |
| २.३ | अन्य खर्च | - | - | - |
| २.४ | नोक्सानीको लागि व्यवस्था | ५२८,२९४,६५४ | १७६,६६८,६७१ | - |
| २.५ | कर्मचारी आवास व्यवस्था | - | - | - |
| २.६ | कर्मचारी बोनस व्यवस्था | - | २२,०६७,७५७ | ६५,१४८,२३४ |
| २.७ | आयकर | ९८,७५३,५३७ | ६८,११०,३२४ | ७९,७२६,०१५ |
| २.८ | जीवन बीमा कोषमा सारेको | - | - | - |
| | खुद नाफा/(नोक्सान) (१-२) | (१९४,५६१,७१०) | १३०,४९९,४९३ | ५०६,६६८,०४६ |

*कम्पनीको बीमाङ्कीय मूल्याङ्कन पश्चात् प्राप्त हुने मुनाफा गणना गरिएको छैन ।

### एकीकृत आय-व्यय हिसाव

| | | | | |
|---|---|---|---|---|
| १ | आय (१.१ देखि १.७ सम्म) | ३७,४०७,६०९,५०८ | २६,६१७,५२६,५२२ | ३४,२०७,२२४,५८३ |
| १.१ | बीमाशुल्क (खुद) | २५,९९७,९०२,२९० | १८,११०,३१६,८०४ | २४,९५६,०६३,६५० |
| १.२ | पुनर्बीमा कमिशन आय | १८,०५६,५१२ | १३,३३७,८९८ | २८,७९६,३८४ |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | ६,४७६,७२०,८९६ | ४,२०९,४४१,९५३ | ५,४८०,८५९,९६२ |
| १.४ | बीमालेखको धितोमा कर्जाबाट आय | १,७४३,३८०,९६९ | १,१७६,२३८,८४६ | १,४७३,३४४,९१४ |
| १.५ | अन्य प्रत्यक्ष आय | ३०२,२१३,०१५ | २०७,०४९,५५५ | २५८,७३१,८८० |
| १.६ | यस वर्षको शुरुको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | २,५५५,१८९,८२५ | २,५५५,०७१,८२६ | १,६१६,१४०,७९४ |
| १.७ | यस वर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | ३१४,१४६,००० | ३४६,०६९,६४० | ३९३,२८६,९९९ |
| २ | व्यय (२.१ देखि २.१० सम्म) | १७,२३७,९५१,८७७ | १२,७१३,०४१,३८३ | १३,९०३,९३३,४१३ |
| २.१ | दावी भुक्तानी (खुद) | १०,६०८,६०४,२०६ | ७,३०६,६३४,३६० | ७,२९७,४७४,१६० |
| २.२ | अभिकर्ता कमिशन | २,६३४,६५३,१०१ | १,८४४,६८२,२२९ | २,८४७,६१६,४४८ |
| २.३ | स्वास्थ्य परीक्षण शुल्क | ९,१२९,७८६ | ६,३६७,३७५ | १३,३०७,८३० |
| २.४ | पुनर्बीमा कमिशन खर्च | - | - | - |
| २.५ | सेवा शुल्क (खुद) | २५९,३२३,३७८ | १८१,०४७,९१४ | २४९,२८९,१६८ |
| २.६ | अन्य प्रत्यक्ष खर्च | १,८०४,४४० | १,२६८,९८० | २,४३५,९५० |
| २.७ | व्यवस्थापन खर्च | १,०००,७४९,५३८ | ४७९,६२२,६३८ | ८५५,७५७,५३३ |
| २.८ | आयकर | १,१४९,६०१,१८९ | ७६०,७२२,७१७ | ८३२,९८६,७९६ |
| २.९ | यस अवधिको अन्त्यको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था* | १,२८५,८९२,११० | १,८७६,१६५,२८७ | १,४६५,८३९,८८३ |
| २.१० | यस अवधिको अन्त्यको असमाप्त जोखिम वापत व्यवस्था | २८८,१९४,१३० | २५६,५२९,८८३ | ३३९,२२५,६४५ |
| ३ | वचत (१-२) | २०,१६९,६५७,६३१ | १३,९०४,४८५,१३९ | २०,३०३,२९१,१७० |
| ३.१ | जीवन बीमा कोषमा सारेको | २०,२०७,५७०,४०३ | १३,८४१,०८३,४४१ | २०,३४०,४२३,१६१ |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | (३७,९१२,७७२) | ६३,४०१,६९८ | (३७,१३१,९९१) |

*भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था अन्तर्गत अवधि समाप्ती (maturity payment), आंशिक अवधि समाप्ती दावी (Survival payment) र मृत्यु दावी (Death claim payment),पर्दछ । उल्लेखित रकम मध्य रु १४.९८ करोड मृत्यु दावी (Death claim payment) वापत व्यवस्था गरिएको छ ।

### अन्य विवरण

| | | | | |
|---|---|---|---|---|
| १. | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (हाल सम्म) | १७८,१३१,६२७ | १७०,०८२,३४१ | १४४,६९६,९४३ |
| | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (यस आ.व.) | २६,४३९,७६२ | १८,३९०,४७६ | २५,३७४,८३४ |
| २. | कुल कायम रहेको बीमालेखको संख्या | १,३९९,९०८ | १,३८६,०५५ | १,३७०,१३६ |
| ३. | घोषित मुनाफा (बोनस) को दर (७६-७७ सम्मको) | प्रति हजार रु. ५६/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ५६/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ४. | अन्तरिम मुनाफा (बोनस) को दर (७७-७८ देखि हाल सम्म) | प्रति हजार रु. ५६/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ५६/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ५. | कुल दावी भुक्तानी रकम (रु.हजारमा) | ९,३३९,३०६ | ६,६२७,७२८ | ७,१४७,१७३ |
| ६. | कुल दावी भुक्तानी संख्यामा | ४८,९७५ | १६,७१४ | ३९,११३ |
| ७. | भुक्तानी हुन बाँकी दावी रकम (रु.हजारमा) | १,२८५,८९२ | १,८७६,१६५ | १,४६५,८४० |

दृष्टव्य: १) कम्पनीको माथि उल्लेखित असमाप्त जोखिम वापतको व्यवस्था बीमाङ्कीय मूल्याङ्कन पश्चात् परिवर्तन हुन सक्ने छ ।
२) वित्तीय विवरणमा उल्लेख गरिएका विवरणहरु लेखा परीक्षण तथा नियमक निकायको निर्देशन पश्चात् हेरफेर हुन सक्ने छ ।

## आ.व. २०७८/०७९ को तेस्रो त्रैमासिक प्रतिवेदन

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम १ को प्रयोजनका लागि)

१) वित्तीय विवरण:

क) तेस्रो त्रैमासिक अवधिको वासलात, आयव्यय हिसाब तथा नाफा नोक्सान हिसाब सम्बन्धी मिति २०७९/०१/३० गतेको कारोबार दैनिक पत्रिकामा प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

बीमाङ्कीय मूल्याङ्कन पश्चात प्राप्त हुने मुनाफा जोड्दा वित्तीय अनुपातहरु फरक पर्न सक्नेछ ।

| | | | | |
|---|---|---|---|---|
| *प्रति शेयर आम्दानी : (३.४१) | प्रति शेयर नेटवर्थ : ११४.०३ | पि.ई. अनुपात : (२७९.६८) | प्रति शेयर कुल सम्पत्तिको मूल्य : १,७७४ | औसत प्रतिफल दर : ९.५६ |


* प्रति शेयर आम्दानी गणना गर्दा अन्तिम शेयर संख्या लिएको छ ।


आ.व.२०७८/७९ तेस्रो त्रैमासिक सम्ममा कम्पनीको रु. १९.४५ करोड नोक्सानि भएको छ । गत वर्ष सोहि अवधिमा रु.५०.६७ करोड मुनाफा आर्जन भएको थियो । कम्पनीले असमाप्त जोखिम वापत व्यवस्थाको गणना गर्दा पुल व्यवस्थापन अघि आ.व. २०७५ पौष मसान्त सम्ममा जारी गरिएका वैदेशिक रोजगार बीमा मध्ये रु १,३४,८३,३७०.५८, पुल व्यवस्थापन पश्चात आ.व. २०७७/७८ सम्मको बीमाङ्किय मूल्याङ्कनबाट आएको असमाप्त जोखिम वापत व्यवस्था रकम रु १८,७०,८१,०५७.०० को ८८ % रु १६,३६,९५,९२४.८८ र आ.व. २०७८/७९ को तेस्रो त्रैमाससम्मको पुल व्यवस्थापनबाट आएको बिमा शुल्क सहितको १२७.०८% रु ९,४६,७६,८८२.४२ र अन्य म्यादि रु १,६३,३७,९५२.०० गरि जम्मा रु २८,८१,९४,१२९.८८.०० व्यवस्था गरेको छ । सो वित्तीय विवरणमा आय व्यय हिसाबबाट रु. २,०२०.७६ करोड जीवन बीमाकोषमा सारी कुल जीवन बीमाकोष रु. १३,११६.२७ करोड भएको छ ।


२) व्यवस्थापकिय विश्लेषण:


क) कम्पनीको तेस्रो त्रैमासिक अवधिसम्ममा कुल बीमाशुल्क आर्जन रु. २,६४३.९८ करोड रहेको छ जुन गत बर्षको सोहि अवधिमा प्राप्त कुल बीमाशुल्क रु. २,५३७.४८ करोडको तुलनामा ४.२० प्रतिशतले बृद्धी भएको हो । आकर्षित प्रतिफल, समयानुकुल बजार प्रवर्द्धन रणनीति, बढ्दो जनचेतना र बीमितको सर्वोपरी हितका लागि गर्दै आएका प्रयासका कारण कम्पनीले उत्कृष्ट बजारहिस्सा ओगड्दै आएको छ ।
कम्पनीले यस तेस्रो त्रैमासिक अवधिसम्ममा रु. ९३३.९३ करोड कुल दावी भुक्तानी गरेको छ । कम्पनीले सकेसम्म छिटो र छरितो तरिकाले बीमितहरुको दावी भुक्तानी गर्ने नीति अवलम्बन गरेको छ ।
कम्पनीले तेस्रो त्रैमासिक अवधिसम्ममा रु. १३५.१५ अरव भरपर्दो एवं सुरक्षित क्षेत्रमा लगानी गर्न सफल भएको छ, जुन गत बर्षको सोहि अवधिसम्मको कुल लगानी रु. १११.४६ अरव मा २१.२५ प्रतिशतको बृद्धि हो । कम्पनीले नेपाल लाइफ क्यापिटल लि. अधिग्रहण गरी तहाँको ५१ प्रतिशत शेयर रु. १५.३० करोड दिर्घकालिन लगानीमा समावेश गरेको छ । कम्पनीले बीमा समितिको लगानी निर्देशिका बमोजिम सुरक्षित क्षेत्रमा लगानी गर्दै आएको छ । बढ्दो बीमाशुल्क आर्जन र सुरक्षित लगानि बृद्धिले कम्पनीको वित्तीय क्षमता सुदृढ बनाएको छ ।

कम्पनीको यस त्रैमासिक अवधि सम्ममा विभिन्न जीवन बीमा योजना अन्तर्गत प्राप्त प्रथम बीमाशुल्कको वर्गिकरण यस अनुसार छ ।




(*बीमाङ्कीय मूल्याङ्कन हुन बाँकी)

ख) कम्पनीले विद्यमान प्रतिस्पर्धात्मक अवस्थामा समयानुकुल व्यवसायिक योजना र रणनीति अवलम्बन गर्दै आएको छ । फलस्वरुप, कम्पनीको व्यवसायिक विस्तारमा तीब्रता तथा बीमितहरुलाई उच्च स्तरीय सेवा दिन लक्ष्य अनुरुप उपलब्धी हासिल गर्दै गएको र बाँकी अवधिमा पनि व्यवसाय तथा सेवा विस्तारमा विशेष ध्यान दिने लक्ष्य लिएको छ ।

ग) विगतको अनुभवबाट कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि देखिएको छैन ।

३) कानूनी कारवाही सम्बन्धी विवरण : नभएको

४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

क) समिक्षा अवधिमा भएको कम्पनीको शेयर कारोवार वास्तविक र यथार्थपरक रहेको पाएका छौं ।

ख) त्रैमासिक अवधिको शेयर कारोबारको विवरण निम्न बमोजिम रहेको छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| अधिकतम मूल्य : रु १,८१० | न्यूनतम मूल्य :रु ९२५ | अन्तिम मूल्य : रु ९५४.९ | कारोबार संख्या : २६,२९,९१३ कित्ता | कारोबार दिन : ५९ दिन | कारोबार रकम : रु ४,०८,५२,१०,८९५.४० |

५) समस्या र चुनौती: मुलुकमा जीवन बीमा व्यवसाय प्रति सकारात्मक भावनाको विकास भइरहेकोले जीवन बीमालाई सामाजिक सुरक्षा तथा अनुशासित बचतको माध्यमको रुपमा स्थापित गर्न बीमा जागरण अभियानलाई थप ससक्त बनाउन जरुरी छ । दीर्घकालिन लगानीको अवसर न्यून भएकोले परम्परागत लगानीका क्षेत्रहरुमा मात्र लगानी एकीकृत भइरहने हुँदा केन्द्रित जोखिमको अवस्था रहेको छ । यसै गरी दक्ष जनशक्तिको अभावले केही चुनौतीहरु थपिएका छन । कम्पनीले समयानुकुल व्यवसायिक रणनीतिको कार्यान्वयनद्धारा चुनौतीहरुलाई अवसरमा परिणत गर्दै जानेमा विश्वास लिएको छ ।

६) संस्थागत सुशासन: कम्पनीले पारदर्शिता तथा जवाफदेहितालाई प्रथम प्राथमिकतामा राख्दै आएको छ । कम्पनीको अनलाईन कारोबार प्रणालीले आन्तरिक नियन्त्रण प्रणाली चुस्त राख्न सहयोग पुर्याएको छ । कम्पनीले आफ्नो हिसाब किताब सर्वमान्य लेखा सिद्धान्त, नेपाल लेखामान मापदण्ड अनुरुप राख्दै कम्पनीको कारोबारहरुलाई समयमै लेखा परीक्षण गर्दै आएको छ । कम्पनीले आफ्नो आन्तरिक नियन्त्रणलाई सबल बनाउन आन्तरिक लेखा परीक्षकको रुपमा CA Firm लाई outsource गरी प्रत्येक त्रैमासिक अवधिको प्रतिवेदन प्राप्त गरी बीमा समितिमा पठाउने गरिएको छ । कम्पनीले नियमनकारी निकायले औंल्याएका कैफियतहरुलाइ पालना गरि बीमा समितिद्वारा जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका बमोजिमका प्रावधानहरु कार्यान्वयन गर्ने तर्फ व्यवस्थापन दृढ रहेको छ ।

७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण: आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

सुशिल कुमार चौधरी
कार्यवाहक प्रमुख कार्यकारी अधिकृत

रजिष्टर्ड कार्यालय: मेनरोड वीरगञ्ज (पर्सा) प्रधान कार्यालय: कमलादी, काठमाडौं
फोन नम्बर: ९७७-१-४१६९०८२/८३/८५, फ्याक्स नं. ९७७-१-४१६९०७९
www.nepallife.com.np | info@nepallife.com.np

किनकि जीवन अमूल्य छ...